नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
प्रशासन विभाग
कल्याण महाशाखा
(प्रशासन शाखा)

फोनः ०१-४४१८५२०, ०१-४४११२८३, ०१-४४११२१०
Ext: ६११,६१२,६१३,६१४,६१५,६१६,६१७,६१८,६१९,६२०,६२१,६२२
पो.ब.नं. ४०७
नक्साल, काठमाण्डौ

पत्र संख्याः ०७८/०७९
च.नं. 4246
मितिः२०७९।०२।१९ गते।
प्रा.प.सं. :

## सुची दर्ता गराउने सम्वन्धी सूचना

यस कार्यालयका लागि आ.व. २०७९।८० मा आबश्यक पर्ने तपसिलमा उल्लेखित खरिद कार्यहरु तथा सेवा प्राप्त गर्नका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६(क) तथा नियमावली २०६४ को नियम १८ को प्रयोजनार्थ मौजुदा सूची (Standing list) तयार गर्नु पर्ने भएकाले उक्त कार्य गर्न ईच्छुक ईजाजत प्राप्त फर्म, कम्पनी, सप्लायर्स तथा परामर्शदाताले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र नियमावलीको अनुसुची २(क) को ढाँचामा रित पूर्वकको निवेदन यस कार्यालयको ठेगाना प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा, COE तथा लेखा शाखामा पेश गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**क.सामान खरिद, उपकरण मर्मत तथा आपूर्ति कार्य**

१. स्टेशनरी सामानहरु (मसलन्द)।
२. छपाई सम्वन्धी सम्पुर्ण कार्यहरु।
३. पत्र पत्रिका तथा पुस्तक, पाठ्यक्रम परिमार्जन सम्वन्धि कार्यहरु।
४. निर्माण सामाग्री आपूर्ति सम्वन्धि कार्य।
५. फर्निचर तथा फिक्चर सम्वन्धि।
६. ईलेक्ट्रोनिक्स उपकरणहरु(कम्प्युटर, ल्यापटप, प्रिन्टर, टोनर,आदि आपूर्ति तथा मर्मत लगायतका सम्पुर्ण कार्यहरु)।

**ख. सेवा तथा परामर्श कार्य**

१. कानुनी तथा प्राविधिक परामर्श सेवा।
२. लेखा तथा लेखापरिक्षण परामर्श सेवा।
३. विभिन्न तालिम, गोष्ठी तथा प्रदेश कल्याणकोषद्धारा आयोजित कार्यक्रमहरु।

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु**

१. फर्म दर्ता प्रमाण पत्रको छाँया प्रति।
२. गत आ.व.को कर चुक्ता प्रमाण पत्रका छाँया प्रति।
३. मु.अ.कर(VAT) दर्ताको प्रमाणपत्रको छाँया प्रति।
४. कालो सूचीमा नपरेको स्वयं घोषणा पत्र।
५. अनुभव सहितको फर्म प्रोफाइल।
६. इजाजतपत्र आवश्यक पर्ने सेवाको हकमा सम्बन्धित निकायको इजाजतपत्रको छाँया प्रति।

माथि उल्लेखित वस्तु तथा सेवा आदीमा प्रत्येक विषयगत छुट्टा छुट्टै दरखास्त दर्ता गराउनु पर्ने छ। रीत नपुगि र म्याद नाघि आएको दरखास्तलाई मान्यता दिईने छैन। प्राप्त दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

प्र.व.उ. केदार ढकाल
कल्याण महाशाखा प्रमुख